# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन ६ गते २०३६ साल

### महालेखा परीक्षकको विभागको

### सूचना

श्री ५ को सरकारको मिति २०३६।१०।२६ को निर्णयानुसार यस विभागको राजपत्रांकित तृतीय श्रेणीको लेखापरीक्षण अधिकारी श्री ईश्वरीलाल श्रेष्ठलाई मिति २०३६।८।१० देखि यसै विभागको राजपत्रांकित द्वितीय श्रेणीको निर्देशक पदमा बढुवा गरिएको छ।

आज्ञाले—
वासुदेव लामिछाने
निर्देशक

५९२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भूलसुधार

खण्ड २९ मिति २०३६।६।१४ अतिरिक्ताङ्क ५१(क) को नेपाल राजपत्र भाग ४ मा प्रकाशित श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरबारको सूचनामा देहायबमोजिम भूलसुधार गरिएको छ ।

(१) गोरखादक्षिणबाहु चौथा शीर्षकअन्तर्गत क्रमसंख्या २८ पछि क्रमसंख्या "२८ क. ७५२ सेनानी श्री नारायण सिंह पुन, शाही नेपाली जङ्गी अड्डा" हुनुपर्नेमा गोरखादक्षिणबाहु तेस्रा शीर्षकअन्तर्गत क्रमसंख्या "२५. ७५२ सेनानी श्री नारायण सिंह पुन, शाही नेपाली जङ्गी अड्डा" हुनगएको ।

(२) गोरखादक्षिणबाहु तेस्रा शीर्षकअन्तर्गत क्रमसंख्या ७ पछि क्रमसंख्या "७ क. प्रमुख तरकारी विकास अधिकृत (राजपत्राङ्कित प्रथम श्रेणी) श्री ध्रुवराज पाण्डे, कृषि विभाग" हुनुपर्नेमा गोरखादक्षिणबाहु चौथा शीर्षकअन्तर्गत क्रमसंख्या "४५. प्रमुख तरकारी विकास अधिकृत, श्री ध्रुवराज पाण्डे, कृषि विभाग" हुनगएको ।

(३) गोरखादक्षिणबाहु चौथा शीर्षकअन्तर्गत क्रमसंख्या "५६. शाखा अधिकृत श्री नरेन्द्रबहादुर बस्न्यात, भूमिसुधार मन्त्रालय" हुनुपर्नेमा "शाखा अधिकृत श्री नरेन्द्रबहादुर बस्नेत, भूमिसुधार विभाग" हुनगएको ।

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरबार

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।